Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ अंक: १३४ वि.सं. २०८३ भदौ १० बुधवार नेपाल संवत्: ११४५, श्रावण शुक्ल त्रयोदशी Wednesday 26 August 2026 yugaawhan@gmail .com पृष्ठ: ४ मूल्य: ५ ।-

# भूकम्पको घाउ निको नहुँदै पहिरोको बितण्डा
# विस्थापनको संघारमा तीन सय बढी घरधुरी

**भूकम्पले घरविहीन बनाएको ३४ महिनापछि स्थायी आवासको प्रतीक्षामा रहेका रिसाङवासीका लागि अहिले अर्को प्रश्न पहाड बनेर उभिएको छ-अब उनीहरु फर्कने घर कहाँ छ ? भूकम्पपछि पुनर्निर्माणको पर्खाइमा रहेका उनीहरुको घरसँगै जमिनसमेत पहिरोले बगाएपछि राहत र अस्थायी सेल्टरभन्दा परको दीर्घकालीन पुनर्वास नै अहिले सबैभन्दा ठूलो चुनौती बनेको छ । भूकम्पपछिको पुनर्निर्माणको गती देखेका पहिरो पीडित नागरिकले राज्यले आफूहरूलाई सुरक्षित स्थानमा सार्नेमा भने विश्वस्त हुन सकेका छैनन् ।**



**◣ओम शाही**
**सुर्खेत, ९ भदौ ।**

जाजरकोटको भेरी नगरपालिका-२, रिसाङ गाउँकी ६२ वर्षीया धनसरी कामीका दैनिकी ३० साउनयता असामान्य छन् । उनी बिहानको झिसमिसे उज्यालोमै सरकारले राहतस्वरूप दिएको सेल्टरबाट निस्कन्छिन् । उनको यात्रा अन्यत्र होइन, नजिकै रहेको आफ्नै घरतर्फ हुन्छ । १७ कात्तिक २०८० को भूकम्पले बस्न नमिल्ने गरी घर चर्किएपछि उनको परिवार अस्थायी टहरामा बस्दै आएको थियो । अहिले भने त्यही टहरोसमेत पहिरोले बगाइदिएपछि उनी फेरि अस्थायी सेल्टरमा पुगेकी छन् ।

१० वर्षे जनयुद्धका समयमा धनसरीका श्रीमान्को मृत्यु भयो । औषधि गर्न जाजरकोट सदरमुकाम गएका उनका श्रीमान् त्यसयता कहिल्यै घर फर्केर आएनन् । त्यसपछि उनी छोरीको सहारामा जीवन बिताउँदै आएकी छन् । ३० साउनको साँझ धनसरी आफ्ना नातीनातिनासँग अस्थायी टहरामा थिइन् । बाहिर भारी वर्षा भइरहेको थियो । त्यही बेला घरमाथिबाट ठूलो आवाजमा विस्फोट भएजस्तो आवाज उनको कानमा पर्‍यो । बाहिर निस्केर हेर्दा नजिकैको खोल्सामा एक्कासि पहिरो आएको देखिन् । लगत्तै उनीहरू भागेर सुरक्षित स्थानमा पुगे ।

एकसरो कपडामै धनसरीले आफूसहित छोरी, ज्वाइँ र नातिनातिनालाई जोगाउन सफल भइन् । तर, पहिरोले उनको घर मात्रै लगेन्, खेती गरेर जीविका चलाउँदै आएको जमिनसमेत क्षणभरमै खोलामा परिणत गरिदियो । अहिले धनसरी त्यही पहिरोले छियाछिया बनाएको बारी र घर हेर्न दिनमा तीन-चार पटक पुग्छिन् । भूकम्पले घर चर्किएपछि सुरुमा त्रिपाल र पछि अस्थायी टिनको टहरामा बस्दै आएकी उनलाई पुनः त्रिपाल र सेल्टरमा सर्नुपरेपछि पीडामाथि थप पीडा थपिएको छ । ‘ पहिले भूकम्पले सतायो, अहिले पहिरोले सर्वस्व लियो,’ उनी भन्छिन्, ‘भूकम्पले घरमा क्षति पुर्‍याए पनि खेतीपाती गर्ने जमिन केही भएको थिएन । अहिले सबै जमिन पहिरोले खोला बनायो । हाम्रो आयस्रोतको अन्य माध्यम छैन, टहरो बनाउने जमिन पनि बचेन ।’

धनसरीको जस्तै पीडा महिमा विकको पनि छ । उनको घरसँगै बारी पहिरोले बगाएको छ । उनका श्रीमान् वैदेशिक रोजगारीमा छन् । भूकम्पले घर भत्किएपछि उनको परिवार सरकारले अस्थायी आवास निर्माणका लागि दिएको ५० हजार रुपैयाँबाट बनाइएको टहरामा बस्दै आएको थियो । ३० साउनको दिन उनी आफ्नी फुफूसँग घरमै गफिएर बसेकी थिइन् । एक्कासि गाउँमाथिबाट पहिरो खस्न थालेपछि उनीहरू भागेर ज्यान जोगाउन सफल भए । तर, घर र बारी भने पहिरोले लग्यो । अर्की स्थानीय कुमारी विकको घर पनि पहिरोले बगायो । उनले भने आफ्नो चारजनाको परिवारलाई सुरक्षित राख्न सफल भइन् । उनीहरूले त्यो दिन भोगेको त्रास १७ कात्तिक २०८० को भूकम्पका समयमा समेत भोगेका थिएनन् ।

‘एक्कासि बम पड्किएजस्तो ठूलो आवाज आयो । पहिले घर नजिकैका खोलामा भल बगेजस्तो भएको थियो,’ कुमारी भन्छिन्, ‘त्यसपछि बस्तीमाथिबाट पूरै सोरिएर ढुंगामाटोसहितको पहिरो घर र बारीमा बजारियो । धन्न बाँच्न सफल भइयो ।’ धनसरी, महिमा र कुमारी मात्रै होइन, रिसाङ गाउँका अधिकांश बासिन्दाले यतिबेला उस्तै नियति भोगिरहेका छन् । जाजरकोट भूकम्पका ती अत्यासलाग्दा दिनहरू विस्तारै स्मृतिबाट हटाउँदै उनीहरू सामान्य जीवनमा फर्किंदै थिए । भूकम्पले थिलथिलो बनाएका घर र बस्ती पुनर्निर्माण हुने तथा

▶▶ बाँकी ३ पेजमा

## सेल्टरमा चार सय ६९ विस्थापित

भेरी नगरपालिकाले वडा नम्बर ३ को विजय प्रावि स्याँला, महिला आश्रयस्थल थाप्ले, वडा नम्बर २ को रिसाङ र विष्णु प्रावि दारनेटा गरी विभिन्न स्थानमा अस्थायी होल्डिङ सेन्टर स्थापना गरेर विस्थापित नागरिकलाई आश्रय दिइरहेको छ । भेरी नगरपालिकाको विपद् शाखाका प्रमुख यज्ञप्रसाद गौतमका

▶▶ बाँकी ३ पेजमा

## तत्काल बस्तीमा फर्किन जोखिम

घटना घटेलगत्तै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्रभावित क्षेत्रमा खटिएको भूगर्भविद्सहितको टोलीले सो क्षेत्र तत्कालका लागि बस्न योग्य नरहेको निष्कर्ष निकालेको छ । प्राधिकरणका उपसचिव सुरेश सुनारका अनुसार उक्त टोलीले पहिलो प्रभावित बस्तीमा पुगेर वास्तविक अवस्थाबारे जानकारी लिएको थियो ।

‘भूगर्भविद्को टोलीले गरेको स्थलगत अनुगमनबाट सो क्षेत्रमा रहेका सम्पूर्ण घरहरू जोखिममा रहेको पाइएको छ । तत्कालका लागि प्रभावित नागरिकलाई सुरक्षित स्थानमा सार्ने काम भएको छ,’ उनले भने, ‘ पहिरो प्रभावित क्षेत्रको अवस्था हेर्ने हो भने नागरिकलाई अस्थायीरूपमा राखिएको क्षेत्र नै सुरक्षित देखिँदैन ।’ प्राविधिक टोलीले प्रारम्भिक रूपमा प्रभावित क्षेत्रका बस्तीका घर तथा पहिरो प्रभावित नागरिकलाई तत्काल सारिने क्षेत्र सुरक्षित भए-नभएको यकिन गर्ने काम सम्पन्न गरेको उनले बताए ।

प्रभावित क्षेत्रमा बस्ती बसाउन मिल्ने वा नमिल्ने विषयमा प्राविधिक टोलीले पुनः अध्ययन गर्ने उनको भनाइ छ । अध्ययनपछि जोखिम कम भएको खण्डमा बस्ती बसाइने र अन्यथा सरकारले उपयुक्त निर्णय गरेर सुरक्षित स्थानमा सार्नेलगायतका काम गर्ने उनले बताए ।

## सीमा नाकामा सुरक्षा कडाई :
# परिचयपत्र नभए आवतजावतमा रोक



**◣सरला सुवेदी**
**बाँके, ९ भदौं ।**

बाँकेको नेपाल-भारत सीमा नाकामा पछिल्लो समय सुरक्षा व्यवस्था थप कडा पारिएको छ । सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण तथा सामाजिक सद्भाव कायम राख्ने उद्देश्यले जमुनाहा नाका सहित सीमावर्ती क्षेत्रमा नेपाली र भारतीय सुरक्षा निकायले निगरानी बढाएका हुन् ।

सीमा सुरक्षा थप सुदृढ बनाउन नेपाल-भारत आवतजावत गर्ने व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजातलाई अनिवार्य गरिएको सुरक्षा निकायले जनाएको छ । सशस्त्र प्रहरीले सीमा पार गर्ने व्यक्तिको नागरिकता, राष्ट्रिय परिचयपत्र वा अन्य आधिकारिक परिचयपत्रका आधारमा नाम, ठेगाना लगायतका विवरण अभिलेख राखेर मात्रै आवतजावत गर्न दिने जनाएको छ ।

भारततर्फ पनि सीमा सुरक्षा बल (एसएसबी) ले परिचय खुल्ने कागजातका आधारमा यात्रुको जाँच गर्दै सुरक्षा निगरानीलाई कडाइ गरेको जमुनाहा प्रहरी चौकीले जनाएको छ । दुवै देशका सुरक्षा निकायबीच समन्वय गरी नियमित संयुक्त गस्ती सञ्चालन गर्नुका साथै आवश्यकताअनुसार तालिमप्राप्त कुकुरसहितको टोलीसमेत परिचालन गरिएको छ ।

सीमा क्षेत्रमा सुरक्षा प्रविधिको प्रयोगलाई थप प्रभावकारी बनाउनुपर्नेमा स्थानीय नागरिक तथा सामाजिक अभियन्ताहरूले जोड दिएका छन् । नेपालगञ्जका सामाजिक अभियन्ता हेमन्तराज काफ्लेले सीमा पार गर्ने व्यक्तिको परिचय र आवतजावतलाई व्यवस्थित अभिलेख प्रणालीमा जोड्दै सीसीटीभी क्यामेरा तथा ड्रोनमार्फत निगरानी बढाउनुपर्ने बताए ।

बाँकेमा विशेषगरी लागूऔषध ओसारपसार, मानव तस्करी, चोरी-डकैती तथा अन्य हिंसात्मक र आपराधिक गतिविधि नियन्त्रण गर्न नेपाल प्रहरीले नेपालगञ्जका विभिन्न चोक तथा संवेदनशील क्षेत्रमा गस्ती बढाउँदै आएको छ । जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार सुरक्षा निगरानी र गस्ती बढाइएपछि पछिल्लो समय जिल्लामा आपराधिक घटनामा केही कमी आएको छ । नेपालगञ्ज उपमहानगरपालिका-२ घरबारी टोलका सुनिल सिंह हमालले सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रणका लागि आधुनिक प्रविधिमैत्री सुरक्षा प्रणाली अपनाउन सके अपराध न्यूनीकरणमा थप सहयोग पुग्ने बताए ।

बाँकेका प्रहरी प्रमुख प्रहरी उपरीक्षक अङ्कुर जिसीले नेपाल-भारत सीमा क्षेत्रमा कुनै पनि आपराधिक गतिविधि हुन नदिन सुरक्षा व्यवस्था थप कडा पारिएको जानकारी दिए । उनका अनुसार भारतीय एसएसबी, नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच नियमित समन्वय र गस्ती भइरहेको छ भने सीमा क्षेत्रमा कडा जाँच तथा आधिकारिक परिचयपत्रका आधारमा आवतजावत गर्ने व्यवस्था लागू गरिएको छ ।

बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले सीमा क्षेत्रमा हुने चोरी, तस्करी तथा अन्य आपराधिक गतिविधि न्यूनीकरणका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र भारतीय सुरक्षा निकायबीच निरन्तर समन्वय भइरहेको बताए । उनले सीमा सुरक्षालाई प्रभावकारी बनाउन सुरक्षा निकायबीचको सहकार्यसँगै नागरिकको सहयोगसमेत आवश्यक रहेको उल्लेख गरे ।

सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएसँगै आपराधिक गतिविधि नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । तर, अपराध नियन्त्रण सुरक्षा निकायको मात्रै जिम्मेवारी नभई नागरिकको पनि उत्तिकै भूमिका रहने देखिन्छ । आफ्नो घर, टोल र समाजमा हुने शंकास्पद गतिविधिप्रति सचेत हुँदै त्यस्ता गतिविधिबारे समयमै सुरक्षा निकायलाई जानकारी गराउन सके सीमा क्षेत्रसहित समग्र जिल्लामा अपराध न्यूनीकरण गर्न थप सहयोग पुग्ने देखिन्छ ।

GANGAMALA
TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810

● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# प्रदेश संरचनालाई कमजोर हुन नदेऊ !

कर्णाली प्रदेश सरकार गठन भएको चार हप्ता बितिसक्दा पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन नसक्नु सामान्य राजनीतिक ढिलाइ होइन, संघीयताको अभ्यासप्रतिको गम्भीर प्रश्न हो। सरकारको नेतृत्व गरिरहेको दलभित्रै मन्त्री छनोटमा सहमति जुट्न नसक्दा प्रदेश सरकार सञ्चालन प्रभावित भएको छ। मुख्यमन्त्री मंगलबहादुर शाहीले १२ साउनमा पद सम्हालेको २८ दिन बितिसक्दा पनि आफ्नै दलबाट मन्त्री छनोट गर्न नसक्नु राजनीतिक अपरिपक्वताको उदाहरण हो। नेकपा एमालेको समर्थनमा बनेको सरकारले तीन सातापछि मन्त्रिपरिषद् विस्तार गरे पनि त्यो विस्तारले सरकारलाई पूर्णता दिन सकेन। दुई दलबीच भएको भागबण्डाअनुसार एमालेले तीन मन्त्रालय पाइसकेको छ। तर, नेकपाले पाउने मन्त्रालयमा कसलाई पठाउने भन्ने विवाद अझै टुंगिएको छैन। मन्त्रीका आकांक्षी धेरै हुनु, पूर्वएकीकृत समाजवादी धारलाई समेट्ने विषय, क्षेत्रीय तथा गुटगत सन्तुलन र व्यक्तिविशेषलाई मन्त्री बनाउने वा नबनाउने विवादले सरकार विस्तारलाई थप जटिल बनाएको देखिन्छ।

सबैभन्दा चिन्ताजनक पक्ष भनेको प्रदेश सरकारको नेतृत्व गरिरहेका मुख्यमन्त्रीले आफ्नो मन्त्रिपरिषद्का सदस्य छनोट गर्नसमेत पार्टी केन्द्रको मुख ताक्नुपर्ने अवस्था हो। मन्त्री छनोटको निर्णयका लागि पार्टीका संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधव नेपालसमक्ष नाम पठाइनु प्रदेशको स्वायत्त राजनीतिक अभ्यासका लागि सुखद संकेत होइन। संघीयताको उद्देश्य नै निर्णय अधिकारलाई प्रदेश र स्थानीय तहसम्म पुऱ्याउनु हो। तर, प्रदेशको सरकार सञ्चालन गर्ने विषयमा समेत केन्द्रबाट अन्तिम निर्णयको प्रतीक्षा गर्नुपर्ने अवस्था रहनु संघीयताको मर्मविपरीत छ। मन्त्रीका आकांक्षीबीचको प्रतिस्पर्धा आफैंमा अस्वाभाविक होइन। राजनीतिक दलमा जिम्मेवारीका लागि आकांक्षा हुनु लोकतान्त्रिक अभ्यासकै हिस्सा हो। तर, व्यक्तिगत महत्वाकांक्षा, गुटगत स्वार्थ र शक्ति सन्तुलनको हिसाबले सरकारलाई लामो समयसम्म अपूर्ण राख्नु स्वीकार्य हुन सक्दैन। जनताले मन्त्रीहरू कुन गुटका हुन् भन्ने होइन, उनीहरूले सरकारलाई कति प्रभावकारी बनाउँछन् भन्ने हेर्छन्। नेकपाले यसअघि अवसर पाइसकेकालाई मन्त्री नबनाउने मापदण्ड बनाएको छ भने त्यसलाई पारदर्शी र समान रूपमा लागू गर्नुपर्छ।

व्यक्तिविशेषलाई रोक्न वा अघि बढाउन मापदण्ड बनाउने र बदल्ने प्रवृत्तिले पार्टीभित्रको अविश्वास मात्रै बढाउँछ। पूर्वमाओवादी, पूर्वसमाजवादी वा अन्य धारका आधारमा भागबण्डा गर्नुको सट्टा क्षमता, समावेशिता, अनुभव र जनप्रतिनिधित्वलाई आधार बनाइनुपर्छ। कर्णालीमा सरकारका अगाडि विकास, रोजगारी, पूर्वाधार, शिक्षा, स्वास्थ्य र सुशासनका असंख्य चुनौती छन्। नागरिकका यस्ता सवाल समाधान गर्नुपर्ने समयमा दलहरू भने मन्त्रीको कुर्सीका लागि रस्साकस्सी गरिरहेका छन्। यसले सरकारप्रतिको जनविश्वास कमजोर बनाउँछ। प्रदेश सरकारको स्थायित्व र प्रभावकारिता दलगत भागबण्डाभन्दा माथि उठेर सुनिश्चित गर्नुपर्छ। अब मुख्यमन्त्री शाहीले अनिर्णयको अवस्था अन्त्य गर्नुपर्छ। पार्टीभित्र सहमति खोज्नु आवश्यक भए पनि त्यसको नाममा प्रदेश सरकारलाई बन्धक बनाउनु हुँदैन। पार्टी केन्द्रले पनि प्रदेशलाई आफ्नो राजनीतिक प्रयोगशाला बनाउने होइन, निर्णय र नेतृत्वको अधिकार प्रदेशलाई नै दिनुपर्छ। मन्त्रिपरिषद् तत्काल पूर्णता दिई सरकारलाई जनताका काममा केन्द्रित गर्नु अहिलेको प्राथमिकता हो। अन्यथा, कुर्सीको भागबण्डामा अल्झिएको कर्णाली सरकारप्रति जनताको निराशा झन् गहिरिँदै जानेछ।

# हाम्रो पैसा कहाँ अड्किएको छ ?



✍ शेरजंग बहादुर चन्द

नेपालको अर्थतन्त्रमा अहिले देखिएको एउटा महत्वपूर्ण विरोधाभासलाई गम्भीर रूपमा बहस गर्नुपर्ने समय आएको छ।

बैंक तथा वित्तीय संस्थामा निक्षेप बढिरहेको छ, बैंकिङ प्रणालीमा पर्याप्त तरलता छ र कर्जाको ब्याजदर पनि विगतको तुलनामा घटेको छ। तर उद्योग, व्यवसाय, उत्पादन र निजी लगानीले अपेक्षित गति लिन सकेको छैन।

साधारण अर्थशास्त्रीय दृष्टिले हेर्दा यो अवस्था केही अस्वाभाविक देखिन्छ। बैंकमा पैसा बढेपछि कर्जाको लागत घट्नुपर्ने, कर्जा बढेपछि लगानी विस्तार हुनुपर्ने र लगानी बढेपछि उत्पादन तथा रोजगारी बढ्नुपर्ने हो।

तर नेपालमा अहिले यो चक्रले पूर्णता पाएको छैन भन्नुपर्दा कतै न कतै चक्र टुटेको छ।

प्रश्न यही हो, पैसा कहाँ अड्किएको छ? बैंकमा कि अर्थतन्त्रको विश्वासमा?

### समस्या पैसाको अभाव होइन, लगानीको अभाव हो

अर्थतन्त्रमा बचत बढेपछि बैंकिङ प्रणालीमा ऋणयोग्य कोष बढ्छ। त्यसले ब्याजदर घटाउन सक्छ र कम ब्याजदरले निजी लगानीलाई प्रोत्साहित गर्न सक्छ। तर यो सिद्धान्त स्वतः लागू हुँदैन। व्यवसायीले ऋण लिएर उत्पादन गर्दा भविष्यमा पर्याप्त प्रतिफल प्राप्त हुन्छ भन्ने विश्वास गर्नुपर्छ।

बजारमा माग कमजोर छ, कर तथा नीतिगत व्यवस्था अनिश्चित छ, परियोजना सञ्चालनमा प्रशासनिक झन्झट छ र लगानीको जोखिम उच्च छ भने ब्याजदर केही प्रतिशत घट्दैमा लगानीकर्ता ऋण लिन तयार हुँदैन।

यसैले नेपालको अहिलेको समस्या पैसा छैन भन्ने होइन, पैसालाई उत्पादनमा लैजाने विश्वासयोग्य अवसर छैन भन्ने हो। यसलाई अर्को तरिकाले हेर्दा बैंकसँग पैसा छ, तर अर्थतन्त्रमा पर्याप्त 'बैंकएबल प्रोजेक्ट्स' छैनन्।

### केन्सले दिएको महत्वपूर्ण संकेत

अनिश्चितताको समयमा मानिस र संस्थाहरूले पैसा खर्च वा लगानी गर्नुभन्दा तरल रूपमा राख्न रूचाउने सम्भावना देखाउँछ। नेपालको अवस्थामा यो विचार अझ रोचक छ।

नेपालमा नागरिक तथा संस्थाले बैंकमा पैसा राख्छन् र बैंकसँग तरलता बढ्छ। तर व्यवसायीले ऋण लिएर नयाँ उद्योग खोल्ने, उत्पादन बढाउने वा नयाँ परियोजना सुरू गर्ने निर्णय गर्दैनन्।

त्यसपछि एउटा चक्र बन्छ – निक्षेप बढ्छ – बैंकको तरलता बढ्छ – कर्जाको माग कमजोर हुन्छ – निजी लगानी घट्छ – उत्पादन विस्तार हुँदैन – रोजगारी र आयमा अपेक्षित वृद्धि हुँदैन।

तर यहाँ एउटा कुरा स्पष्ट हुनुपर्छ। बैंकमा तरलता बढी हुनु मात्र 'लिक्विडिटी ट्र्याप' होइन। लिक्विडिटी ट्र्याप एउटा विशिष्ट म्याक्रो इकोनोमिक अवस्था हो। नेपालको समस्यालाई त्यसैमा सीमित गर्नु भन्दा कमजोर लगानी माग, कमजोर व्यापार दृढता र उत्पादनमूलक लगानीको कमी भनेर बुझ्नु बढी उपयुक्त हुन्छ।

ब्याजदर घटाएर मात्र समाधान हुँदैन

नेपालमा आर्थिक गतिविधि बढाउन ब्याजदर घटाउने नीति आवश्यक हुन सक्छ। तर ब्याजदर नै सबै समस्याको समाधान होइन।

उदाहरणका लागि, एउटा उद्योगीले १० करोड रूपैयाँ ऋण लिएर उद्योग खोल्न सक्ने सामर्थ्य छ। नेपालको हाल ब्याजदर १० प्रतिशतबाट घटेर ७ प्रतिशत भयो। तर उसलाई बजारमा आफ्नो उत्पादन बिक्री हुनेमा विश्वास छैन।

झन् उसलाई अरू कुराले पिरोलिरहेको छ– विद्युत महसुल, श्रम लगानी खर्च, कर, आयात, कच्चा पदार्थ र प्रशासनिक प्रक्रियामा अनिश्चितता।

### यस्तो अवस्थामा ७ प्रतिशतको ऋण पनि त्यो उद्योगीलाई आकर्षक गर्दैन।

यसको अर्थ स्पष्ट छ– ब्याजदरको कमी भनेको ठूलो लगानी गर्नु वा बढ्नु होइन। लगानी बढ्न व्यवसायीले अपेक्षित प्रतिफललाई जोखिम र पुँजीको लागतभन्दा राम्रो देख्नुपर्छ। त्यसैले सरकारले ब्याजदर मात्र होइन, लगानीको जोखिम र अनिश्चितता पनि घटाउनुपर्छ।

अब नेपालको आर्थिक नीतिको लक्ष्य बदलिनुपर्छ।

नेपालले अब बैंकमा कति निक्षेप जम्मा भयो र कति कर्जा प्रवाह भयो भन्ने परम्परागत प्रश्नबाट माथि उठ्नुपर्छ।

मुख्य प्रश्नहरू यस्ता हुनुपर्छन् – बैंकबाट गएको कर्जाले कति उत्पादन बढायो? कति नयाँ रोजगारी सिर्जना भयो? कति आयात प्रतिस्थापन भयो? कति निर्यात बढ्यो? कति विदेशी मुद्रा आयो? कति नयाँ कर राजस्व सिर्जना भयो?

यही आधारमा बैंकिङ कर्जाको वास्तविक उत्पादकता मापन गर्नुपर्छ।

### नेपालको नयाँ आर्थिक सोच – निक्षेपदेखि उत्पादनसम्म

नेपालले बैंकिङ तरलतालाई उत्पादनशील पुँजीमा बदल्ने एउटा स्पष्ट राष्ट्रिय मोडल विकास गर्न सक्छ। यसको सरल रूप यस्तो हुन सक्छ। बैंकमा संकलित निक्षेपलाई कम ब्याजदरमा दीर्घकालीन कर्जाका रूपमा उत्पादनशील तथा सम्भाव्य परियोजनामा प्रवाह गर्ने, कर्जा ग्यारेन्टी तथा जोखिम साझेदारीमार्फत निजी क्षेत्रको लगानी जोखिम घटाउने, निजी लगानी बढाउँदै उत्पादन र रोजगारी विस्तार गर्ने, उत्पादन बढेसँगै निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्ने र यसबाट सरकारी कर राजस्व वृद्धि हुँदै समग्र आर्थिक वृद्धि तथा दिगो आर्थिक विकास हासिल गर्ने।

यसको अर्थ बैंकमा जम्मा भएको प्रत्येक रूपैयाँ जबर्जस्ती ऋण बनाउने होइन। बरू उत्पादन गर्न सक्ने परियोजनासम्म पैसा पुऱ्याउने प्रणाली निर्माण गर्ने हो।

नेपाललाई 'नेसनल प्रोजेक्ट बैंक' चाहिन्छ। नेपालमा पैसा र लगानीकर्ता दुवै छन्। तर धेरै पटक समस्या व्यवहार्य परियोजनाको अभावमा देखिन्छ। सरकारले राष्ट्रिय तथा प्रदेशस्तरमा नेसनल प्रोजेक्ट बैंकको अवधारणा विकास गर्न सक्छ।

यसमा जलविद्युत, कृषि प्रशोधन, पर्यटन, आइटी, उत्पादनमूलक उद्योग, निर्यात तथा आयात प्रतिस्थापनका परियोजनालाई लागत, प्रतिफल, रोजगारी, बजार, जोखिम र विदेशी मुद्रा आम्दानीका आधारमा मूल्यांकन गर्न सकिन्छ।

त्यसपछि बैंक, निजी लगानीकर्ता तथा विदेशी लगानीकर्ताले तयार परियोजनामा लगानी गर्न सक्छन्। अहिले हामीसँग धेरै ठाउँमा 'पैसा छ, परियोजना छैन' भन्ने समस्या छ।

प्रोजेक्ट बैंकले 'परियोजना तयार गरौं, पैसा त्यसपछि परिचालन गरौं' भन्ने संस्कृति विकास गर्न सक्छ।

### कर्जा सुरक्षण पनि नयाँ ढंगले सोच्नुपर्छ

नेपालका धेरै साना तथा मध्यम व्यवसायीमा व्यवसाय गर्ने क्षमता भए पनि पर्याप्त धितो नहुन सक्छ। यसले सम्भावित व्यवसायलाई बैंकिङ प्रणालीबाट बाहिर राख्न सक्छ। त्यसैले कर्जा सुरक्षण प्रणालीलाई सुधार गर्न आवश्यक छ। तर सरकारले सम्पूर्ण जोखिम लिनु हुँदैन।

व्यवसायीले आफ्नै पुँजी लगाउनुपर्छ, बैंकले परियोजनाको मूल्यांकन गर्नुपर्छ र सरकारले सीमित जोखिमको ग्यारेन्टी गर्न सक्छ। अर्थात् उद्यमीको स्वपुँजी, बैंक वित्तीय सहयोग र आंशिक कर्जा ग्यारेन्टीको संयोजन आवश्यक छ।

दीर्घकालीन लगानीका लागि बैंक मात्र पर्याप्त छैन। नेपालको अर्को संरचनात्मक समस्या छोटो अवधिको निक्षेपबाट लामो अवधिका परियोजना वित्तपोषण गर्ने प्रयास हो।

जलविद्युत, पूर्वाधार, ठूला उद्योग र पर्यटन परियोजनालाई १०-१५ वर्षको पुँजी आवश्यक पर्न सक्छ। त्यसैले नेपालको पुँजी बजारलाई बैंकिङ प्रणालीसँग समानान्तर रूपमा विकास गर्नुपर्छ। पूर्वाधार बन्ड, संस्थागत बन्ड, परियोजना वित्त, निवृत्तिभरण कोष, बीमा कोष, निजी इक्विटी तथा जोखिम पुँजीमार्फत दीर्घकालीन र उत्पादनशील क्षेत्रमा लगानी परिचालन गर्ने जस्ता माध्यमबाट दीर्घकालीन पूँजी परिचालन गर्न सकिन्छ।

यसले बैंकको तरलता व्यवस्थापन मात्र होइन, नेपालको क्यापिटल फर्मेसन नै बलियो बनाउन सक्छ।

### लगानीकर्तालाई ऋणभन्दा पहिले विश्वास चाहिन्छ

नेपालमा लगानीको सबभन्दा ठूलो समस्या कहिलेकाहीँ ब्याजदरभन्दा विश्वास हुन सक्छ।

लगानीकर्ताले पाँच कुरा हेर्छ – नीति स्थिर छ कि छैन, कर प्रणाली अनुमानयोग्य छ कि छैन, सरकारी स्वीकृति कति छिटो हुन्छ, बजार सुनिश्चित छ कि छैन, कानुनी सुरक्षा कस्तो छ?

यी प्रश्नको उत्तर सकारात्मक नभएसम्म ब्याजदर घटाएर मात्र निजी लगानी बढाउन कठिन हुन्छ। त्यसैले नेपालको आर्थिक सुधारको लागि लगानी, विश्वास र सुधार हुनुपर्छ।

### उत्पादन गर्ने हो भने बजार पनि बनाउनुपर्छ

उद्योग खोल्न लगानीकर्तालाई पैसा मात्र दिएर पुग्दैन। उत्पादन बिक्री हुने बजार पनि चाहिन्छ।

नेपालले उत्पादनशील उद्योगका लागि निम्न कुरा गर्नुपर्छ।

- निर्यात सहजीकरण।
- गुणस्तर प्रमाणीकरण।
- भन्सार सुधार।
- लजिस्टिक्स खर्च घटाउने।
- अन्तर्राष्ट्रिय बजार पहुँच।
- व्यापार सम्झौताको प्रभावकारी उपयोग।

विशेषगरी नेपालले जलविद्युत, कृषि प्रशोधन, पर्यटन, आइटी तथा निर्यातमुखी उत्पादनलाई रणनीतिक क्षेत्रका रूपमा विकास गर्न सक्छ।

तर त्यसमा एउटा खतरा पनि छ– तरलता बढी भयो भन्दैमा बैंकलाई जबर्जस्ती कर्जा बाँड्न लगाउनु खतरनाक हुन सक्छ। यदि बैंकले राम्रो सम्भावना नभएका परियोजनामा कर्जा लगानी गऱ्यो भने परियोजना कमजोर हुन्छ। कर्जा फिर्ता नहुने, खराब कर्जा बढ्ने, बैंकको अवस्था कमजोर हुने, वित्तीय अस्थिरता बढ्ने अवस्था आउन सक्छ।

त्यसैले नेपालको नीति धेरै कर्जा दिनेभन्दा उत्पादन बढाउने क्षेत्रमा कर्जा दिने हुनुपर्छ। बैंकले कति कर्जा दियो भन्नेभन्दा पनि त्यो कर्जाबाट कति उत्पादन, रोजगारी र आम्दानी बढ्यो भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ।

### अब नयाँ आर्थिक सूचक आवश्यक छ

नेपाल राष्ट्र बैंक र सरकारको आर्थिक नीतिमा एउटा नयाँ सूचकबारे बहस गर्न सकिन्छ, प्रोडक्टिभ क्रेडिट रेसियो अर्थात बैंकिङ प्रणालीबाट प्रवाह भएको कुल कर्जामध्ये वास्तविक उत्पादन, निर्यात, रोजगारी र मूल्य अभिवृद्धि गर्ने क्षेत्रमा गएको कर्जा कति हो?

यससँगै अर्को सूचक हुन सक्छ, क्रेडिट-टु-आउटपुट इम्प्याक्ट।

कुन क्षेत्रमा एक करोड कर्जा प्रवाह गर्दा कति उत्पादन, रोजगारी, निर्यात र कर राजस्व सिर्जना भयो?

यस्ता सूचकले बैंकिङ क्षेत्रलाई वास्तविक अर्थतन्त्रसँग अझ नजिकबाट जोड्न सक्छ।

### अब नेपालले के गर्ने?

नेपालका लागि तत्काल प्राथमिकतामा राख्नुपर्ने पाँच प्रमुख सुधारहरू यस्ता हुन सक्छन्। नेपालले आर्थिक गतिविधि गति दिन र बैंकिङ प्रणालीमा रहेको वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न तत्काल पाँच वटा प्रमुख सुधारलाई प्राथमिकतामा राख्न आवश्यक छ।

पहिलो, राष्ट्रिय परियोजना बैंक (नेसनल प्रोजेक्ट बैंक) स्थापना गरी देशका प्राथमिकताप्राप्त, उत्पादनशील र व्यावसायिक रूपमा सम्भाव्य परियोजनाहरूको व्यवस्थित पाइपलाइन तयार गर्नुपर्छ। यसले बैंक तथा वित्तीय संस्थालाई कर्जा प्रवाहका लागि स्पष्ट, सम्भाव्य र प्रतिफल दिने परियोजना पहिचान गर्न सहज बनाउनेछ।

दोस्रो, कर्जा ग्यारेन्टी प्रणाली (क्रेडिट ग्यारेन्टी सिस्टम) लाई प्रभावकारी र जोखिम-साझेदारीमा आधारित बनाउनुपर्छ।

पर्याप्त धितो नभएका तर व्यावसायिक

▶ बाँकी ३ पेजमा

## विश्व

# इरानमाथि अमेरिकाको थप प्रतिबन्ध

**वासिङ्टन, ९ भदौ ।**

संयुक्त राज्य अमेरिकाले इरानको सैन्य गतिविधि, खरिद सञ्जाल तथा तेल र पेट्रोकेमिकल व्यापारसँग सम्बन्धित करिब ६० संस्था, व्यक्ति र पानीजहाजमाथि प्रतिबन्ध लगाएको छ। अमेरिकी विदेश मन्त्रालयका अनुसार प्रतिबन्धको उद्देश्य इरानी शासनका आम्दानीका स्रोत रोक्नु तथा अमेरिकी सेना र सहयोगीमाथि आक्रमण गर्न सहयोग गर्ने सञ्जाल कमजोर पार्नु हो।

'अपरेसन इकोनोमिक आउटकास्ट' अन्तर्गत लगाइएको प्रतिबन्धले इरानको पेट्रोलियम आम्दानी र परम्परागत हतियारको प्रसारसँग सम्बन्धित गतिविधिलाई लक्षित गरेको मन्त्रालयले जनाएको छ। प्रतिबन्ध कार्यकारी आदेश १३८४६ र १३९४९ अन्तर्गत लगाइएको हो।

अमेरिकाले इरानी सैन्य गतिविधिलाई सहयोग गरेको आरोपमा 'डेडेनेगर स्टार्टअप स्टुडियो' लाई पनि प्रतिबन्ध लगाएको छ। उक्त कम्पनीले 'अपरेसन एपिक फ्युरी' का क्रममा इरानी सैन्य लक्ष्य पहिचान तथा युद्ध क्षतिको मूल्याङ्कनका लागि चिनियाँ व्यावसायिक स्याटेलाइट तस्बिर प्रयोग गरेको अमेरिकी दाबी छ। त्यस्तै, इरानी इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) साइबर-इलेक्ट्रोनिक कमान्डलाई अमेरिकी सैन्य सम्पत्तिसम्बन्धी सूचना प्राप्त गरेको आरोपमा प्रतिबन्ध लगाइएको छ।

प्रतिबन्धको सूचीमा आइआरजिसीका कमान्डर-इन-चिफ अहमद वाहिदी पनि परेका छन्। अमेरिकी विदेश मन्त्रालयले उहाँले 'अपरेसन एपिक फ्युरी' का क्रममा इरानको सैन्य निर्णयमा महत्त्वपूर्ण भूमिका खेलेको आरोप लगाएको छ। 'रिवार्ड फर जस्टिस' कार्यक्रमअन्तर्गत वाहिदी र आइआरजिसीका वरिष्ठ नेता अली अब्दुल्लाहीबारे सूचना दिनेलाई एक करोड अमेरिकी डलरसम्म पुरस्कार दिने घोषणा गरिएको छ।

अमेरिकी कदमले इरानको तेल ढुवानी गर्ने 'डार्क फ्लीट' तथा पेट्रोलियम, पेट्रोलियम उत्पादन र पेट्रोकेमिकलको बिक्री तथा ढुवानीमा संलग्न अन्तर्राष्ट्रिय मध्यस्थलाई समेत समेटेको छ। मन्त्रालयले यस्ता सञ्जालले पहिचान लुकाएर भ्रामक ढुवानी गतिविधि गर्ने आरोप लगाएको छ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले यसअघि घोषणा गरेका 'अपरेसन इकोनोमिक आउटकास्ट' ले विश्वभर इरानका वित्तीय सम्बन्ध तोड्ने र इरानी शासनका आर्थिक स्रोत बन्द गर्ने लक्ष्य राखेको छ। उहाँले इरानले विश्वव्यापी अलगाव रोज्ने वा अन्तर ाष्ट्रिय अर्थतन्त्रमा पुनः सहभागी हुने बाटो अपनाउनेमध्ये एक छनोट गर्नुपर्ने बताएका छन्। पछिल्लो प्रतिबन्धसँगै इरानको तेल निर्यात, सैन्य खरिद र अन्तर्राष्ट्रिय वित्तीय सञ्जालमाथि अमेरिकी दबाब थप बढेको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| राशि | फल |
|---|---|
| मेष | विशेष काममा जग बसाउने अवसर छ। मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ। पद-प्रतिष्ठा प्राप्त गर्ने बेला छ। धेरैले कामको तारिफ गर्नेछन्। |
| वृष | गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ। व्यवसायमा पनि प्रशस्तै लाभ हुनेछ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला। |
| मिथुन | परिबन्धले समस्या निम्त्याउन सक्छ। गोपनीयता बाहिरिनाले समस्या पर्नेछ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला। |
| कर्कट | दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। परिवेश उल्लासमय रहनेछ। व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ। |
| सिंह | काम बन्नाले उत्साह जाग्नेछ। प्रतिस्पर्धामा विजयी भइनेछ। शत्रुहरू किनारा लाग्नेछन्। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। |
| कन्या | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। लगनशीलताले परिस्थितिलाई बदल्नेछ। पछि लाभ हुने काम प्रारम्भ हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। |
| तुला | हल्लाको विश्वास गर्दा काम बिग्रन सक्छ। आज अरूलाई दिने नभई भित्र्याउने समय छ। दिएको धनमाल पछि आफैंलाई आवश्यक पर्न सक्छ। |
| वृश्चिक | आँटले काम लिँदा राम्रै प्रतिफल प्राप्त हुनेछ। सहयोगीहरूले काममा उत्साह जगाउनेछन्। रोकिएका काम बन्नेछन् भने नयाँ काम प्रारम्भ गर्ने समय छ। |
| धनु | मिहिनेतले मानसम्मान दिलाउनेछ। अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ। बोली र विचारका प्रशंसकहरू बढ्नेछन्। |
| मकर | मिहिनेतीहरूको कामना पूर्ण हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। |
| कुम्भ | अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। आकस्मिक खर्चले तत्काललाई अर्थ अभाव देखापर्न सक्छ। तापनि सहयोग गर्नेहरू प्रशस्तै भेटिनेछन्। |
| मीन | आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ। |

# नेपालगन्जमा स्पा सञ्चालक पक्राउ

**◣युग संवाददाता**
**बाँके, ९ भदौ ।**

प्रहरीले नेपालगन्जमा सञ्चालित दुई स्पाका तीन सञ्चालकलाई पक्राउ गरेको छ। पक्राउपर्नेमा एक भारतीय नागरिकसहित तीन नेपाली छन्।

नेपालगन्ज उपमहानगरपालिका-१० आदर्शनगरस्थित प्लेजर स्पाकी सञ्चालक भारतीय नागरिक गुडिया खान, सोही स्थानमा रहेको आयुर्वेदिक रिल्याक्स स्पाकी सञ्चालक दुर्गा थारु र नेपालगन्ज उपमहानगरपालिका-२ का रिल्याक्स स्पाका सञ्चालक तर्कराज देवकोटा रहेका छन्।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायब उपरीक्षक प्रतीतसिंह राठौरका अनुसार पक्राउ परेका तीनै जनालाई मंगलबार जिल्ला अदालत बाँकेबाट म्याद थप गरी अनुसन्धान भइरहेको छ। प्रहरीका अनुसार ती स्पामा काममा लगाइएका सात बालिकाको उद्धार गरिएको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम पक्राउ परेकामाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## हाम्रो...

सम्भावना भएका उत्पादनशील उद्यम तथा परियोजनालाई राज्य, बैंक र उद्यमीबीच जोखिम बाँडफाँट हुने व्यवस्थामार्फत आवश्यक कर्जा उपलब्ध गराउनुपर्छ । यसबाट धितोको अभावकै कारण वित्तीय स्रोतबाट वञ्चित भइरहेका सम्भावनायुक्त उद्यमलाई लगानीको अवसर प्राप्त हुनेछ।

तेस्रो, दीर्घकालीन पुँजी बजार (लङ-टर्म क्यापिटल मार्केट) को विकास गर्नुपर्छ। आर्थिक विकासका लागि बैंकिङ क्षेत्रको कर्जामा मात्र निर्भर नभई निवृत्तिभरण कोष, बीमा कोष, पूर्वाधार तथा संस्थागत बन्ड, निजी इक्विटी, जोखिम पुँजी र परियोजना वित्तमार्फत दीर्घकालीन पुँजी परिचालन गर्ने वातावरण निर्माण गर्न आवश्यक छ।

यसले ठूला पूर्वाधार, उद्योग तथा उत्पादनमूलक परियोजनाका लागि स्थिर र दीर्घकालीन वित्तीय स्रोत उपलब्ध गराउन सक्छ।

चौथो, लगानीको वातावरण सुधार गर्दै लगानीकर्ताको विश्वास अभिवृद्धि गर्नुपर्छ। उद्योग तथा लगानीका लागि नीतिगत स्थिरता, कर प्रणालीको पूर्वानुमेयता, प्रशासनिक प्रक्रियाको सरलीकरण, भ्रष्टाचार नियन्त्रण तथा प्रभावकारी कानुनी सुरक्षा सुनिश्चित गर्नुपर्छ। लगानीकर्ताले आफ्नो पुँजी, प्रतिफल र व्यावसायिक भविष्यप्रति विश्वस्त हुने वातावरण निर्माण नगरेसम्म वित्तीय स्रोत उपलब्ध भए पनि अपेक्षित निजी लगानी विस्तार हुन कठिन हुन्छ।

पाँचौं, बैंकिङ प्रणालीको सफलता कर्जाको मात्रामा होइन, त्यसबाट सिर्जित वास्तविक आर्थिक परिणाममा मापन गर्नुपर्छ। कति कर्जा प्रवाह भयो भन्नेभन्दा त्यस कर्जाबाट कति उत्पादन बढ्यो, कति रोजगारी सिर्जना भयो, कति निर्यात वृद्धि भयो, कति आयात प्रतिस्थापन भयो र सरकारको कर राजस्वमा कति योगदान पुग्यो भन्ने आधारमा बैंकिङ प्रणालीको प्रभावकारिता मूल्यांकन गर्नुपर्छ।

**निष्कर्ष**

बैंकमा धेरै पैसा जम्मा हुनु मात्र आर्थिक विकासको संकेत होइन । त्यो पैसा उद्योग, व्यवसाय र उत्पादनशील क्षेत्रमा लगानी भएर उत्पादन, रोजगारी, आम्दानी र निर्यात बढाउन सके मात्र त्यसको वास्तविक आर्थिक महत्व हुन्छ।

नेपालको अहिलेको मुख्य समस्या भएको पैसालाई उत्पादनमा लगाउने प्रणाली कमजोर हुनु हो। त्यसैले अब नेपालको आर्थिक नीतिले बैंकमा पैसा जम्मा गर्ने अवस्थाबाट पैसा उत्पादनशील क्षेत्रमा लगानी गर्ने अवस्थातर्फ अघि बढ्नुपर्छ।

यसका लागि एउटा सरल आर्थिक चक्र आवश्यक छ। बैंकमा संकलित निक्षेपलाई कर्जाका रूपमा उत्पादनशील क्षेत्रमा लगानी गरी उत्पादन र रोजगारी बढाउँदै निर्यात विस्तार तथा सरकारी राजस्व वृद्धि गर्न सकिए अन्ततः त्यसले समग्र आर्थिक वृद्धिलाई गति दिन्छ। बैंकमा रहेको अतिरिक्त पैसा समस्या नभई आर्थिक विकासको महत्वपूर्ण स्रोत बन्न सक्छ। नेपाललाई अहिले थप बैंक मात्र चाहिएको होइन । बैंकमा जम्मा भएको पैसालाई राम्रो र उत्पादनशील परियोजनासँग जोड्ने बलियो आर्थिक प्रणाली चाहिएको छ। *(सेतो पाटी)*

# कर्णालीले अब डाक्टर माग्दैन, अरूलाई दिन्छ

**◣युग संवाददाता**
**काठमाडौं, ९ भदौ ।**



एक दशकअघिसम्म कर्णालीमा विशेषज्ञ चिकित्सक त परै जाओस्, मेडिकल अफिसरसमेत टिकाउन कठिन थियो। उपचारको आधा संघर्ष त बिरामीलाई अस्पतालसम्म पुऱ्याउनमै गर्नुपर्थ्यो।

गर्भवतीलाई डोकोमा बोकेर स्वास्थ्य चौकी लैजाँदा-लैजाँदै मृत्यु हुने घटना सामान्य जस्तै थिए। हवाई टिकट खोज्दाखोज्दै विमानस्थलमै बिरामीको ज्यान जाने अवस्था थियो। धनीले जग्गा बेचेर उपचारका लागि शहर धाउन सक्थे, गरिबका लागि मृत्यु स्वीकार्नुबाहेक अर्को विकल्प नहुने अवस्था थियो।

कर्णालीमा मेडिकल कलेजको कल्पना गर्नु यथार्थभन्दा निकै टाढा जस्तो लाग्थ्यो कुनै समय। एउटा मेडिकल अफिसर बस्न मान्दैन, विशेषज्ञ चिकित्सक कसरी टिक्लान् ? बिरामीको संख्या कम छ, मेडिकल कलेज कसरी चल्ला ? सडक, पूर्वाधार र सुविधा कमजोर छन्, चिकित्सक र प्राध्यापक कसरी पुग्लान् ? यिनै प्रश्न देखाएर कर्णालीलाई लामो समय चिकित्सा शिक्षाबाट टाढा राखियो।

तर, आज त्यही कर्णाली आफ्नै माटोमा डाक्टर उत्पादन गर्ने थलो बनेको छ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान (कास)ले अहिले पहिलो ब्याचका १८ जना एमबीबीएस डाक्टर उत्पादन गरेको छ। यो संख्या आफैंमा ठूलो छैन, तर कर्णालीको इतिहास र स्वास्थ्य सेवाको अवस्थासँग तुलना गर्दा यसलाई परिवर्तनको संकेत मान्न सकिन्छ। राज्यसँग डाक्टर मागेर नपाएको कर्णालीले अब डाक्टर उत्पादन गर्न थालेको छ।

**अस्पताल माग्दै सुरु भएको यात्रा**

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको यात्रा त्यति सहज थिएन। प्रतिष्ठानको स्थापना प्रक्रिया २०६६ मा निजी विधेयक संसद्मा दर्ता भएपछि अघि बढेको थियो। तत्कालीन सांसद नरेश भण्डारीको नेतृत्वमा कर्णालीका राजनीतिक दल, स्थानीय अगुवा र विभिन्न क्षेत्रका विज्ञको पहलमा अवधारणा अघि सारिएको थियो। पछि संसद्बाट विधेयक पारित भएपछि प्रतिष्ठान स्थापना भयो।

२०६८ सालमा ऐन बनेर प्रतिष्ठान स्थापना भए पनि तीन वर्षसम्म बजेटसमेत पाएन।

काठमाडौंलगायत शहरी क्षेत्रमा मेडिकल कलेज स्थापना गर्दा आवश्यक जनशक्ति, भौतिक पूर्वाधार र स्रोतसाधन जुटाउन तुलनात्मक रूपमा सहज हुन्छ। तर जुम्लामा त्यही संरचना निर्माण गर्नु चुनौतीपूर्ण थियो।

२०७१ सालमा बजेट आएपछि ३०० शय्याको शिक्षण अस्पताल निर्माणको प्रक्रिया अघि बढ्यो। २०७४ सालमा भवन तयार भयो। तर भवन बनेर मात्रै मेडिकल कलेज बन्दैनथ्यो। उपकरण, प्रयोगशाला, शिक्षक र चिकित्सक चाहिन्थे।

यही कारण कर्णालीले एमबीबीएस पढाउन थप वर्षहरू कुर्नुपऱ्यो।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्थापना भएकै वर्ष एमबीबीएस सुरु गऱ्यो। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्थापना भएको चार वर्षमै एमबीबीएस पढाउन थाल्यो। तर कर्णालीले भने प्रतिष्ठान स्थापना भएको एक दशकपछि मात्रै त्यो अवसर पायो।

यो प्रशासनिक ढिलाइ थिएन। यसले कर्णालीप्रति राज्यको प्राथमिकता कस्तो थियो भन्ने पनि देखाउँथ्यो।

सबैभन्दा गाह्रो काम राज्यलाई 'कर्णालीले पनि गुणस्तरीय एमबीबीएस पढाउन सक्छ' भनेर विश्वास दिलाउनु थियो।

राज्य संयन्त्रमा लामो समयदेखि काठमाडौं केन्द्रित सोच हावी थियो। राम्रो चिकित्सा शिक्षा र स्वास्थ्य सेवा काठमाडौं वा केही शहरी केन्द्रमा मात्रै सम्भव हुन्छ भन्ने मानसिकता थियो।

विशेषज्ञ चिकित्सक र फ्याकल्टी टिकाइराख्ने चुनौतीदेखि राज्यलाई नै 'कर्णालीले पनि गुणस्तरीय एमबीबीएस पढाउन सक्छ' भन्ने विश्वास दिलाउनसम्म प्रतिष्ठानले लामो संघर्ष गर्नुपरेको पूर्व उपकुलपति डा. मंगल रावल बताउँछन्।

उनी ती दिन सम्झन्छन्, 'जुम्लामा पनि काठमाडौंका मेडिकल कलेजसरह गुणस्तरीय चिकित्सक उत्पादन हुन सक्छ भन्ने विश्वास दिलाउन वर्षौं लाग्यो।'

कर्णालीको मेडिकल शिक्षाको यात्रामा डा. गोविन्द केसीको आन्दोलन पनि जोडिएको छ। २०७५ सालमा उनले १८औं अनसन जुम्लामै पुगेर सुरु गरे। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्था गरी एमबीबीएस लगायतका कार्यक्रम सञ्चालन गर्नुपर्ने उनको मुख्य माग थियो।

डा. रावलका शब्दमा, कर्णालीमा एमबीबीएस कुनै न कुनै दिन सुरु हुने नै थियो। तर डा. केसीको आन्दोलनले त्यसलाई छिटो गर्न दबाब सिर्जना गऱ्यो।

लामो प्रयासपछि प्रतिष्ठानले २०७८ सालमा २० सिटबाट एमबीबीएस कार्यक्रम सुरु गर्ने अनुमति पायो। त्यसपछि सिट संख्या ३० हुँदै अहिले ५० पुगेको छ।

**'कर्णालीले अब डाक्टर माग्दैन, दिन्छ'**

प्रतिष्ठान स्थापना अभियानका एक प्रमुख परिकल्पनाकार नरेश भण्डारीले कुनै समय कर्णालीले राज्यसँग डाक्टर माग्दा नपाएको पीडा देखेका थिए। अहिले उनी कर्णालीले राज्यलाई नै डाक्टर दिने थालेको बताउँछन्।

जुम्लामा अहिले ३०० शय्याको शिक्षण अस्पताल छ। प्रतिष्ठानमा ४८ विशेषज्ञ चिकित्सक कार्यरत छन्। मेडिकल अफिसर २१ जना छन्।

भण्डारी भन्छन्, 'पहिला डाक्टर मागेर कर्णाली लैजानुपर्ने अवस्था थियो। अहिले आफैंले पहिलो ब्याचका चिकित्सक उत्पादन गर्न सफल भएका छौं। कर्णालीका लागि गर्वको विषय हो।'

करिब १५ वर्षअघिको कर्णाली सम्झँदा आजको अवस्था आफैंलाई पनि अविश्वसनीय लाग्ने उनी बताउँछन्। राज्यको प्राथमिकतामा नपरेको, आधारभूत स्वास्थ्य सेवा नै कमजोर रहेको क्षेत्रमा चिकित्साशास्त्र पढाउने प्रतिष्ठान बनाउने सपना धेरैका लागि असम्भव थियो।

'त्यतिबेला कर्णालीमा पोस्टमार्टम गर्ने डाक्टरसमेत थिएनन्,' भण्डारी भन्छन्, 'नेपालगञ्जबाट अनुनय गरेर डाक्टर लैजानुपर्ने अवस्था थियो। मानिस बचाउनका लागि डाक्टर पाइँदैनथ्यो। मृत्यु भएपछि पनि पोस्टमार्टम गरेर सहज रूपमा दाहसंस्कार गर्ने वातावरण थिएन।'

स्वास्थ्य सेवाको चरम अभाव भोगेको कर्णालीमा मेडिकल कलेज खोल्ने अभियान सुरु हुँदा धेरैले पत्याएनन्। कयौंले यो योजना असम्भव ठाने।

हिजो गम्भीर बिरामीलाई उपचारका लागि काठमाडौं, नेपालगञ्ज र अन्य शहर पठाउने कर्णाली आज देशलाई डाक्टर पठाउन थालेको छ। यही परिवर्तनलाई भण्डारी कर्णालीको स्वास्थ्य क्रान्तिको सबैभन्दा बलियो उदाहरण मान्छन्।

'हिजो बिरामी पठाउने कर्णाली आज देशलाई डाक्टर पठाउँदै छ,' उनी भन्छन्, 'भारतमा मजदूर पठाउने कर्णालीले अहिले भारतका लागि डाक्टर पठाउन थालेको छ। यो कर्णालीका लागि मात्रै होइन, देशकै लागि गर्वको विषय हो।'

**'१५ वर्षमा कर्णालीको स्वास्थ्य सेवा परिवर्तन'**

प्रतिष्ठानको विकाससँगै कर्णालीको स्वास्थ्य सेवामा पनि पछिल्लो डेढ दशकमा ठूलो परिवर्तन आएको डा. रावलको भनाइ छ।

'त्यतिबेला गाउँका स्वास्थ्य संस्थामा सामान्य अक्सिजनसमेत उपलब्ध नहुने अवस्था थियो,' उनले भने, 'आज पनि सबै समस्या समाधान भइसकेका छैनन्, तर सामान्य उपचार नपाएर ठूलो संख्यामा मानिसले ज्यान गुमाउनुपर्ने पुरानो अवस्था धेरै हदसम्म परिवर्तन भएको छ।'

कर्णालीमा आकस्मिक उपचार र विशेषज्ञ सेवामा पहुँच उल्लेखनीय रूपमा बढेको छ। पहिले चोटपटक लाग्दा धामीझाँक्रीको भर पर्नुपर्ने र उपचार नपाउँदा घाउ कुहिएर अंग काट्नुपर्ने अवस्था धेरै ठाउँमा थियो।

यद्यपि, भौगोलिक विकटताका कारण बिरामीलाई डोको वा स्ट्रेचरमा बोकेर अस्पताल पुऱ्याउनुपर्ने समस्या अहिले पनि पूर्ण रूपमा अन्त्य भइसकेको छैन। दुर्गम बस्तीमा सडक र तत्काल स्वास्थ्य पहुँचको अभाव हुँदा यस्ता घटना अझै देखिने गरेका छन्।

जुम्लामा डाक्टर उत्पादन हुन थाले पनि हुम्ला, डोल्पा, मुगु, जाजरकोट र कर्णालीका अन्य विकट बस्तीमा विशेषज्ञ सेवा सहजै पुगिसकेको छैन।

अझै पनि हुम्ला र बाजुराबाट जुम्ला पुग्न पाँच दिनसम्म लाग्ने अवस्था छ। यस्तो भूगोलमा अस्पताल बनाउनु मात्रै पर्याप्त हुँदैन। अस्पतालसम्म पुग्ने सडक, यातायात, स्वास्थ्यकर्मी, उपकरण, औषधि र आकस्मिक सेवाको बलियो संरचना पनि चाहिन्छ।

उनका अनुसार कर्णालीका सबै जिल्ला र दुर्गम बस्तीलाई प्रतिष्ठानसँग समन्वय भएको स्थायी स्वास्थ्य सेवा सञ्जालमा जोड्नुपर्छ। त्यसका लागि दिगो वित्तीय व्यवस्था र स्थानीय, प्रदेश तथा संघीय सरकारबीच स्पष्ट जिम्मेवारीसहितको समन्वय आवश्यक छ। 'यो संरचना बनेमा मात्रै कर्णालीको कुनाकाप्चासम्म विशेषज्ञ सेवा पुऱ्याउन सकिन्छ,' डा. रावल भन्छन्, 'बिरामीलाई डोको वा स्ट्रेचरमा बोकेर उपचार खोज्नुपर्ने अवस्थालाई न्यूनतम तहमा झार्न सकिन्छ।'

**दुर्गममा डाक्टर बन्ने संघर्ष**

प्रतिष्ठानले पहिलो पटक उत्पादन गरेका एमबीबीएस ब्याचका १८ जना विद्यार्थी अहिले इन्टर्नसिपमा छन्।

तीमध्येका एक हुन्– समीर जोशी। बुटवल जस्ता सहज पहुँच भएका ठाउँमा पढ्ने विकल्प हुँदाहुँदै उनले जुम्ला रोजे। भौगोलिक रूपमा टाढा, यातायातको असहजता र दुर्गम जीवनका चुनौतीबीच चिकित्सा शिक्षा पढ्ने निर्णय सजिलो भने थिएन।

'ठ्याक्कै छानेर आउने विद्यार्थीमा म पनि पर्छु,' जोशी भन्छन्, 'बुटवलतिर पढ्ने विकल्प हुँदाहुँदै पनि मैले जुम्ला रोजें।'

तर, जुम्लासम्म पुग्ने यात्रा नै उनका लागि एउटा पाठ बन्यो। पाँच वर्षको पढाइ यात्रालाई फर्केर हेर्दा प्रतिष्ठानको सुरुवाती शैक्षिक वातावरण निकै उत्साहजनक रहेको उनको अनुभव छ।

पहिलो वर्ष जुम्ला पुगेका बेला प्रतिष्ठानमा नेपालका अब्बल शिक्षक र प्राध्यापकहरूको उपस्थिति थियो। नयाँ मेडिकल कलेज भएकाले पनि पढाइको गुणस्तरलाई लिएर विद्यार्थीमा उत्सुकता थियो।

*(अनलाइन खबरबाट साभार)*

## सेल्टरमा...

अनुसार ती होल्डिङ सेन्टरमा चार सय ६९ नागरिकलाई राखिएको छ।

सेल्टरमा बस्नेमा महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको संख्या बढी छ। गौतमका अनुसार एक सय ३३ बालबालिका, पाँच गर्भवती महिला र पाँच अपाङ्गता भएका व्यक्तिहरु सेल्टरमा आश्रय लिइरहेका छन्। उनका अनुसार पहिरोका कारण तीन सय २३ घर प्रभावित भएका छन्।

रिसाङ गाउँका १२, स्याँलाका एक र कोलचौरका एक गरी १४ घरमा पूर्णरूपमा पहिरोले क्षति पुऱ्याएको गौतमले बताए। जाजरकोटका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले विस्थापित नागरिकलाई तत्काल उद्धार गरी सुरक्षित स्थानमा राखिएको बताए।

उनीहरूको बास, आवश्यक स्वास्थ्य सेवा, खानेपानीलगायत सुरक्षा व्यवस्थापन मिलाइएको उनले जानकारी दिए। उनले तत्काल बस्तीमा फर्कन सक्ने अवस्था नरहेकाले व्यवस्थापनमा चुनौती थपिँदै गएको बताए। जाजरकोटबाट निर्वाचित प्रदेशसभा सदस्य बेदराज सिंहले पहिरो पीडित नागरिकको उचित व्यवस्थापन तत्काल हुनुपर्ने बताउँछन्।

भूकम्प गएको लामो समयसम्म पीडा भोगेका नागरिकलाई राज्यले समयमै सुरक्षित स्थानमा सार्नेतर्फ ध्यान दिनुपर्ने उनले बताए। दुखमा परेका नागरिकलाई अभिभावकिय भूमिकामा रहेर काम गर्नुपपर्ने राज्य आफ्नो दायित्वबाट बिमुख हुनु लोककल्याणकारी राज्यको उपहास भएको उनको आरोप छ। प्रभावितहरुलाई राखिएको होल्डिङ्ग सेन्टरमा खानेपानी र स्वास्थ्य लगायतका समस्या देखा पर्न थालेको भन्दै यथासिंघ्र उचित व्यवस्थापनको काम संघ र प्रदेश सरकारले अघि सार्नुपर्ने उनको माग छ।

## भूकम्पको...

सुरक्षित आवासमा फर्कने आशामा उनीहरूले दिन गुजारिरहेका थिए।

विडम्बना, उनीहरूको त्यो आशा अब फेरि अनिश्चित बनेको छ। भूकम्प गएको ३४ महिनासम्म उनीहरू अस्थायी आवासबाट स्थायी आवासमा सर्ने सपना बुन्दै बसे। साँघुरा टिनका टहरामा अटसमटस बस्दै आएका उनीहरू पुनर्निर्माणपछि बन्ने घरमा ढुक्कसँग बस्ने सोचमा थिए। नयाँ सरकार बनेकाले अब चाँडै पुनर्निर्माण अघि बढ्ने कुरा पनि उनीहरूले सुनेका थिए। तर, ३० साउनको साँझ परेको अविरल वर्षापछि आएको पहिरोले उनीहरूको त्यो सपना नै बगाइदिएको छ।

जुन घर पुनर्निर्माण भएर स्थायी आश्रय बन्ने प्रतीक्षामा थिए, त्यही घर र घरसँग जोडिएको जमिन पहिरोमा परेपछि उनीहरू कहाँ फर्कने भन्ने अन्योलमा छन्। त्यसदिनको पहिरोमा चारजनाले ज्यान गुमाए भने ११ जना घाइते भए। पहिरोमा पुरिएर भेरी नगरपालिका-२, चिसापानीका ७४ वर्षीय भीमबहादुर कार्की, केदारबहादुर कार्की तथा सोही वडाको फारुला गाउँका उमाप्रसाद खत्री र रती खत्रीले ज्यान गुमाए।

ठूलो संख्यामा नागरिक पुर्खौंदेखि बसोबास गर्दै आएको जमिनबाट जबर्जस्ती विस्थापित बन्न पुगेका छन्। पहिरोमा परी विस्थापित भएकाहरू अहिले भेरी नगरपालिकाले विभिन्न स्थानमा निर्माण गरेका अस्थायी सेल्टरमा बसेका छन्। उनीहरूको भौतिक शरीर सरकारले निर्माण गरेको सेल्टरमा थन्किएको छ, तर मन भने पहिरोले पुरेको घरवरपरै छुटेको छ।

भूकम्पको अत्यास व्यहोरेका बालबालिकाको मनोविज्ञानमा असर परेको छ। उनीहरु विद्यलाय फर्कन सक्ने अवस्था पनि बनेको छैन। रिसाङ गाउँका स्थानीय टेकबहादुर खत्रीका अनुसार पहिरोका कारण तत्काल गाउँमा बस्न सकिने अवस्था छैन।

'गाउँको सिरानमा पहिरोले ठूलो क्षति पुऱ्याएको छ। पहिरोले अधिकांश क्षेत्रमा चिरा पारेकाले तत्काल घरमा फर्कन सक्ने अवस्था छैन,' उनले भने। भएभरको जमिन पहिरोले लगेपछि खत्रीलाई परिवार कहाँ राख्ने भन्ने चिन्ताले सताउन थालेको छ। उनले गाउँको सिरानमा खनिएको सडककै कारण सिंगो गाउँ जोखिममा परेको बताए।

'सडक खनेपछि माथिल्लो भाग कमजोर भएको थियो। अहिले वर्षापछि त्यही क्षेत्रबाट पहिरो खस्दा गाउँ नै जोखिममा परेको छ,' उनले भने। उनले पहिरो पीडितको दीर्घकालिन व्यवस्थापन गर्न राज्यले वस्ती स्थानान्तरणको काम तत्काल अघि बढाउन माग गरे। भूकम्पले घरविहीन बनाएको ३४ महिनापछि स्थायी आवासको प्रतीक्षामा रहेका रिसाङवासीका लागि अहिले अर्को प्रश्न पहाड बनेर उभिएको छ–अब उनीहरू फर्कने घर कहाँ छ ? भूकम्पपछि पुनर्निर्माणको पर्खाइमा रहेका उनीहरूको घरसँगै जमिनसमेत पहिरोले बगाएपछि राहत र अस्थायी सेल्टरभन्दा परको दीर्घकालीन पुनर्वास नै अहिले सबैभन्दा ठूलो चुनौती बनेको छ। भूकम्पपछिको पुनर्निर्माणको गती देखेका पहिरो पीडित नागरिकले राज्यले आफूहरुलाई सुरक्षित स्थानमा सार्नेमा भने विश्वस्त हुन सकेका छैनन्।



## शुभ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**गुर्भाकोट-८, मेहेलकुना, सुर्खेत**

### ऋण चुक्ता गर्न आउन ऋणी सदस्यहरूलाई ३५ दिने अन्तिम जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१०**

यस संस्थाको विभिन्न सेवाकेन्द्रहरूबाट विभिन्न प्रयोजनका लागि ऋण उपयोग गर्नुभएका तपसिलमा उल्लिखित ऋणी सदस्यहरूले संस्थालाई तिर्नै बुझाउनुपर्ने ऋणको साँवा, ब्याज तथा हर्जना रकम तोकिएको समयमा नतिरी बाँकी बक्यौता रहँदै आएको र यसअघि मौखिक, लिखित, एसएमएस र घर भेट लगायतका माध्यमबाट ऋण चुक्ता गर्न पटक–पटक अनुरोध गर्दा समेत ऋण चुक्ता गर्नेतर्फ आवश्यक चासो नदेखिएको हुँदा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छायो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र यस संस्थाको मुख्य कार्यालय वा सम्बन्धित सेवाकेन्द्रमा सम्पर्क गरी आफूले लिएको ऋणको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम अनिवार्य रूपमा चुक्ता गर्नुहुन सम्बन्धित ऋणी सदस्यहरूलाई सूचित गरिन्छ। तोकिएको समयभित्र ऋण चुक्ता नगरेमा प्रचलित सहकारी ऐन, नियमावली तथा संस्थाको विनियम/ऋण नीति बमोजिम ऋणी सदस्य तथा जमानीकर्ताहरूको नाम कालोसूचीमा समावेश गर्ने, धितो सुरक्षण लिलाम गर्ने, ऋणी तथा जमानीकर्ताको नाममा कर्जा सूचना पठाउने तथा ऋण असुलीका लागि आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

| | | | |
|---|---|---|---|
| **१. ऋणीको नाम : नन्दा थापा**<br>सदस्यता नं. : ७००<br>ठेगाना : गुर्भाकोट १२ दहचौर<br>बाबुको नाम :नर बहादुर थापा<br>बाजेको नाम: जंग बहादुर थापा<br>श्रीमानको नाम :दल बहादुर रोकाया<br>नागरिकता न : २५७७१ |  | **१. ऋणीको नाम : प्रेम बहादुर बि क**<br>सदस्यता नं. : ३०२९<br>ठेगाना : भेरिगंगा ९ जहरे<br>बाबुको नाम : अम्मर सिं. कामी<br>बाजेको नाम: बल बहादुर कामी<br>श्रीमतिको नाम : पूर्णकला बि. क.<br>नागरिकता न : ३४३१७/३९७ |  |
| **२. ऋणीको नाम : दल बहादुर रोकाया**<br>सदस्यता नं. : १८००<br>ठेगाना : गुर्भाकोट १२ दहचौर<br>बाबुको नाम : बहादुर रोकाया<br>बाजेको नाम: बुद्दु रोकाया<br>श्रीमतीको नाम: नन्दा थापा<br>नागरिकता न : ७/१३५६ |  | **१. ऋणीको नाम : भद्र बहादुर सार्की**<br>सदस्यता नं. : ३५२५<br>ठेगाना : भेरिगंगा ७ काठेघरी<br>बाबुको नाम :गंगाराम सार्की<br>बाजेको नाम: आशाराम सार्की<br>श्रीमतिको नाम : सिता सार्की<br>नागरिकता न : ५७५९८ |  |
| **३. ऋणीको नाम : इन्द्रा कुमारी पुन मगर**<br>सदस्यता नं. : २९८२<br>ठेगाना : गुर्भाकोट ८<br>बाबुको नाम : काली बहादुर बोहरा<br>ससुराको नाम: मोतीराम पुन<br>श्रीमानको नाम:चन्द्र बहादुर पुन<br>नागरिकता न : ३९००३/९७० |  | **१. ऋणीको नाम : खिमा खड्का**<br>सदस्यता नं. : २०५८<br>ठेगाना : गुर्भाकोट ८ (साबिक डाडाखली)<br>बाबुको नाम : फत्त बहादुर राना<br>ससुराको नाम: टोप बहादुर खड्का<br>श्रीमानको नाम : गोबिन्द खड्का<br>नागरिकता न : ५७५९८ |  |

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
ह.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# पाथिभरा माता भनेर चिनिने युवक पुर्पक्षका लागि थुनामा

**युग संवाददाता**
**सुर्खेत, ९ भदौ ।**

आफूलाई पाथिभरा माता भनेर चिनाउने सुर्खेतका समीर थापालाई जिल्ला अदालत सुर्खेतले पूर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ। न्यायाधीश तीर्थराज भट्टको एकल इजलासले थापालाई कारागार चलान गर्न र घटनाको भिडियो खिच्ने अर्का व्यक्तिलाई ५० हजार धरौटीमा छाड्न आदेश दिएको अदालतका सूचना अधिकारी उज्ज्वलदेव रावलले जानकारी दिए।



झारफुक तथा हेराई-मनाई गर्ने बहानामा थापाले एक महिलामाथि अमानवीय दुर्व्यवहार र कुटपिट गरेको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि सुर्खेत प्रहरीले १३ साउनमा वीरेन्द्रनगर नगरपालिका-३, एरिचोकका २४ वर्षीय समीरलाई पक्राउ गरेको थियो।

थापासहित भिडियो खिच्ने व्यक्तिविरुद्ध बोक्सी आरोप सम्बन्धी कसुरमा ८ साउनमा सुर्खेत अदालतमा मुद्दा दर्ता गरिएको थियो।

थुनछेक बहसपछि अदालतले मुख्य अभियुक्त थापालाई पुर्पक्षका लागि थुनामा राख्न र सहयोगीलाई धरौटीमा छाड्न आदेश दिएको हो। नेपालको मुलुकी अपराध संहिता, २०७४ अनुसार धामी झाँक्री वा झारफुकको नाममा कसैमाथि अमानवीय, अपमानजनक वा हिंसात्मक व्यवहार गर्नु गम्भीर कानुनी अपराध हो।

अमानवीय वा अपमानजनक व्यवहार (दफा १६८) मा झाँक्री वा झारफुकको बहानामा कसैलाई अमानवीय वा अपमानजनक व्यवहार गरेमा ५ वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ। साथै, पीडितलाई कसूरदारबाट मनासिब क्षतिपूर्ति समेत भराउनुपर्ने प्रावधान छ। कुटपिट तथा अभद्र व्यवहार (दफा १९१ र ११८) मा झारफुकका नाममा हातपात तथा अश्लील/अपशब्द प्रयोग गरी कुटपिट गरेमा कुटपिट तथा सार्वजनिक शान्ति विरुद्धको कसूर (अभद्र व्यवहार) अन्तर्गत थप सजाय र जरिवाना हुन सक्ने कानुनी प्रावधान छ।

# दरबन्दी र बजेट अभावमा जिल्ला अस्पताल कालिकोटको सेवा प्रभावित

**युग संवाददाता**
**कालीकोट, ९ भदौं ।**

जिल्ला अस्पताल कालीकोटले पहिलोपटक दरबन्दी अनुसार कार्यालय प्रमुख पाए पनि अस्पतालमा आवश्यक चिकित्सक, विशेषज्ञ तथा स्वास्थ्य जनशक्तिको अभावका कारण प्रभावकारी सेवा प्रवाहमा चुनौती कायमै रहेको छ। अस्पतालमा मेडिकल अधिकृतको दरबन्दी चार जना रहेकोमा एक जना मात्र कार्यरत छन।। बाँकी सीमित मेडिकल अधिकृतबाट मात्रै सेवा सञ्चालन गर्नुपर्ने भएकाले बिरामीको चाप व्यवस्थापन गर्न कठिनाइ भइरहेको छ।

त्यस्तै, अस्पतालमा बालरोग विशेषज्ञ, स्त्रीरोग विशेषज्ञ र जनरल फिजिसियनको दरबन्दीसमेत खाली रहेको छ। दुर्गम तथा भौगोलिक रूपमा विकट कालीकोटमा यस्ता विशेषज्ञ चिकित्सकको अभावले सामान्यदेखि जटिल प्रकृतिका बिरामीलाई समेत जिल्ला बाहिर रेफर गर्नुपर्ने अवस्था आउने गरेको छ।अस्पतालका प्रमुख डाक्टर रत्नबिर सुनारले अस्पतालका लागि हाडजोर्नी विशेषज्ञ र एम.डि.जिपी कन्सल्टेन्ट अति आवश्यक भए पनि हाल यी विषयका चिकित्सकको दरबन्दी नभएको बताए।

उहाँले हाडजोर्नी तथा अन्य रोगका बिरामीको संख्या उल्लेख्य रहेकाले तत्काल हाडजोर्नी विशेषज्ञ र एम.डि जिपी कन्सल्टेन्टको दरबन्दी कायम गरी कम्तीमा करार सेवामार्फत भए पनि चिकित्सक उपलब्ध गराउनुपर्ने आवश्यकता देखिएको बताए। कार्यालयमा जनस्वास्थ्य अधिकृत, कोल्ड चेन सहायक लगाएतका धेरै दरबन्दी अझैपनि खाली रहेको जानकारी दिए।

**चिकित्सक संगै बजेटको समेत अभाव**

प्रदेश सरकारबाट हरेक वर्ष अस्पतालका लागि छुट्याइने औषधि तथा प्रयोगशाला (ल्याब) बजेटसमेत पर्याप्त नभएको अस्पतालले जनाएको छ। बजेट अभावका कारण बिरामीलाई आवश्यक औषधि तथा प्रयोगशाला सेवा निःशुल्क उपलब्ध गराउन कठिनाइ हुने गरेको छ। अस्पतालको अर्को प्रमुख समस्या स्वास्थ्य बीमा कार्यक्रमको भुक्तानी पनि रहेको छ। अस्पतालले बीमामार्फत सेवा दिएबापत दाबी गरेको रकम समयमै सोधभर्ना नहुँदा अस्पतालको आर्थिक व्यवस्थापनमा समस्या पर्ने गरेको प्रमुख सुनारले बताए।

स्वास्थ्य बीमा कार्यक्रमलाई वैज्ञानिक र व्यवस्थित ढंगबाट सञ्चालन गरी अस्पतालले दाबी गरेको रकम मासिक रूपमा नियमित सोधभर्ना हुने व्यवस्था गर्नुपर्ने माग उनको छ। हामीले यही बिषयमा केही सुधार होला भनेर केही महिना सेवा पनि रोकेका थियौं तर भएन नागरिकले दुख पाउने भएपछि पुन सञ्चालनमा ल्याएका छौ प्रमुख सुनारले सुनाए।

कालीकोट जस्तो दुर्गम जिल्लाका नागरिकलाई सामान्य उपचारका लागि समेत जिल्ला बाहिर जानुपर्ने बाध्यता अन्त्य गर्न अस्पतालमा आवश्यक चिकित्सक तथा विशेषज्ञको दरबन्दी कायम गरी तत्काल पदपूर्ति गर्नुपर्ने देखिन्छ।

स्थायी पदपूर्ति सम्भव नभए कम्तीमा करार सेवा मार्फत भए पनि बालरोग, स्त्रीरोग, जनरल फिजिसियन, हाडजोर्नी र एम.डि.जिपी लगायतका चिकित्सक तत्काल उपलब्ध गराउनुपर्ने स्थानीयको माग छ।

अस्पताल बिकास समितिका पुर्व अध्यक्ष दयाराम सिम्खडाले सिमित स्रोतसाधनले पनि आफ्नो पालामा देशकै उत्कृष्ट पाँचौ नम्वरमा आएको अस्पतालमा रहेका चिकित्सक र स्वास्थ्यकर्मीको काम गर्ने उत्साह वढाउनु नै मुख्य उपलब्धी हुने बताए। धेरै अभावमा पनि चलिरहेको छ यसको समस्या समाधान तिनै तहका सरकारले मिलेर गर्नु पर्छ सिम्खाडाले भने।

अस्पतालमा आवश्यक जनशक्ति, औषधि, ल्याब बजेट र स्वास्थ्य बीमाको नियमित भुक्तानी सुनिश्चित गर्न सके मात्रै जिल्ला अस्पताल कालीकोटले जिल्लावासीलाई गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा दिन सक्ने अवस्था बन्नेछ।

# पूर्पक्षका लागि नायब सुब्बा थुनामा

**युग संवाददाता**
**सुर्खेत, ९ भदौ ।**

एकीकृत कृषि प्रयोगशाला सुर्खेतको आवास गृहमा मृत भेटिएकी २७ वर्षीया कर्मचारी चन्द्रा सिंहको मृत्यु प्रकरणमा जोडिएका नायब सुब्बा कविलाल बिसीलाई जिल्ला अदालत सुर्खेतले पूर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ।

अदालतका न्यायाधीश नरेन्द्रबहादुर बुढाको एकल इजलासले जिल्ला प्रशासन कार्यालय सुर्खेतमा कार्यरत नायब सुब्बा बि.सी.लाई थुनामा पठाउन आदेश दिएको सूचना अधिकारी उज्ज्वल रावलले जानकारी दिए।

प्रहरीले बीसीविरुद्ध ८ साउनमा अदालतमा आत्महत्या दुरुत्साहनको मुद्दा दर्ता गरेको थियो। जाजरकोटको भेरी नगरपालिका-१ घर भई विगत दुई वर्षदेखि प्रयोगशालामा नायब प्राविधिक सहायक पदमा कार्यरत चन्द्रा सिंह वीरेन्द्रनगर-७, इत्रामस्थित कार्यालयकै आवास गृहको शौचालयमा बेहोस अवस्थामा भेटिएकी थिइन्।

# जुम्लाका तीन स्थानीय तहमा फलफूल बगैँचा कार्यक्रम

**युग संवाददाता**
**जुम्ला, ९ भदौ ।**

जुम्लाका आठ स्थानीय तहमध्ये तीन स्थानीय तहमा फलफूल बगैँचा कार्यक्रम सञ्चालन हुने भएको छ। कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यान्वयन एकाइ सुर्खेतले चालु आर्थिक वर्षमा जुम्लासहित कर्णालीका नौ जिल्लामा उक्त कार्यक्रम सञ्चालन गर्न लागेको हो।

जुम्लाको हिमाली, सिञ्जा र कनकासुन्दरी गाउँपालिकामा फलफूल बगैँचा स्थापना कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रमअन्तर्गत रुकुम पश्चिमको बाँफीकोट, मुसीकोट र सानीभेरी नगरपालिका, सल्यानको सिद्धकुमाख र शारदा नगरपालिका, जाजरकोटको छेडागाड र जुनीचाँदे, दैलेखका नारायण, आठबीस र चामुण्डाबिन्द्रासैनी नगरपालिकामा पनि फलफूल बगैँचा स्थापना गरिने आयोजनाका प्रादेशिक आयोजना व्यवस्थापक चित्रबहादुर रोकायाले जानकारी दिए।

त्यसैगरी कालीकोटको नरहरिनाथ र शुभकालिका, मुगुको सोरु र खत्याड, हुम्लाको ताँजाकोट र अदानचुली तथा डोल्पाको मुड्केचुला गाउँपालिकामा पनि उक्त कार्यक्रम सञ्चालन हुने उनले बताए।

सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।
- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।
नेपाल सरकार
विज्ञापन बोर्ड

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरू, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।
budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२



पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)





Book & Copy Printing



Packaging Box Printing



Wedding Card Printing



Stamp



Fiber Bag Printing
हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।